नलगाड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
ईमेलः-ito.nalgaadmun@gmail.com

पत्र संख्याः- २०८०/०८१
चलानी नं.-
मितिः- २०८०/ ०८/१२

## प्रेस विज्ञप्ति

जाजरकोट जिल्लाको रामीडाँडा केन्द्रविन्दु भएर मिति २०८०।०७।१७ गते राति ११:४७ मा गएको विनासकारी भुकम्पका कारण यस नलगाड नगरपालिकामा मानविय तथा भौतिक संरचनाहरुको क्षति भएको छ। सो सम्बन्धमा यस नगरपालिका बाट तत्काल उद्धार तथा पुर्नस्थापना कार्य नेपाल सरकारले तोकेको मापदण्ड र निर्णयहरुको परिपालना गर्दै राहत वितरण कार्य भइरहेको छ।

नलगाड नगरपालिका वडा नं ८ निवासी श्री सर्मिला वि.क को मृत्युको प्रसंग लाई जोडेर चिसोका कारण गर्भवतीको मृत्यु भन्ने समाचारका सम्बन्धमा यस नगरपालिकाको गम्भिर ध्यानकर्षण भएको छ। निज महिलाको सम्बन्धमा बुझ्दा मिति २०८०।०७।०७ गते प्राथमिक अस्पताल दल्लीवाट प्रदेश अस्पताल सुर्खेतमा रिफर गरिएको र निज महिलाको गर्भमा जुम्ल्याहा बच्चा रहेको जन्मदा एउटा मृत जन्मिएको र मिति २०८० ।०८।०९ गते प्रदेश अस्पताल बाट डिस्चार्ज भई घर फर्किदा बाटोमा नै राती १२ बजे मृत्यु भएको हो। त्रिपाल मुनि बास बस्नु परेको हुदा चिसोका कारण मृत्यु नभएको बुझिएको व्यहोरा जानकारी गराउदछौ। यस भुकम्प बाट प्रभावित भई घर बाहिर बसिरहेका सुत्केरी, गर्भवती, जेष्ठनागरिक तथा बालबालिकालाई पहिलो प्राथमिकतामा राखि राहत वितरण गरिरहेको व्यहोरा समेत जानकारी गराईन्छ।

डम्वर बहादुर रावत
नगर प्रमुख

डम्बर बहादुर रावत
नगर प्रमुख

"समृद्ध र सफा नगर, दिगो विकास र सुशासनको शहर"